# चयनात्मक उच्च माध्यमिक विद्यालय (selective high schools) र अवसर कक्षाहरू (opportunity classes) का लागि मार्गनिर्देशन

चयनात्मक उच्च माध्यमिक विद्यालयहरू (Selective high schools) र अवसर कक्षाहरू (opportunity classes) भनेको विशेषज्ञ विद्यालयहरू हुन् जहाँ **उच्च क्षमता भएका र प्रतिभाशाली विद्यार्थीहरूलाई** एकसाथ समूहीकृत गरेर पढाईन्छ।

समान क्षमता भएका सहपाठीहरूसँग सिक्नाले विद्यार्थीहरूको शैक्षिक विकास तथा उनीहरुको मनोबलमा मद्दत गर्दछ।

यसमा विद्यार्थीहरूले NSW पाठ्यक्रम नै अपनाउँछन्, तर शिक्षकहरूले विशेष क्षमता भएका तथा प्रतिभाशाली विद्यार्थीहरूका लागि विशेष शिक्षण रणनीतिहरू प्रयोग गर्न सक्छन्।

## चयनात्मक विद्यालयहरु (Selective high schools)

चयनात्मक विद्यालयहरु 4 प्रकारका छन्:

- **पूर्ण चयनात्मक विद्यालयहरू** – यी त्यस्ता विद्यालयहरू हुन्, जहाँ भर्ना (प्लेसमेन्ट) परीक्षाको आधारमा सबै विद्यार्थीहरू चयन गरिएका छन्।
- **आंशिक चयनात्मक उच्च विद्यालयहरू** – यी चयन गरिएका विद्यार्थीहरू र स्थानीय क्षेत्रका विद्यार्थीहरूको मिश्रण भएका विद्यालयहरू हुन्।
- **कृषि चयनात्मक उच्च विद्यालयहरू** – यी ती विद्यालयहरू हुन् जसले कृषि अध्ययनमा जोड दिन्छन् र सबै विद्यार्थीहरूलाई तिनीहरूको शैक्षिक क्षमताका आधारमा चयन गर्छन्। यी मध्ये केही विद्यालयहरूले विद्यार्थीहरू विद्यालयमा बस्ने आवास पनि प्रदान गर्छन्।
- **Aurora College (अरोरा कलेज)** – यी अनलाइन चयनात्मक कक्षाहरू हुन्। ग्रामीण र दुर्गम क्षेत्रका स्थानीय सार्वजनिक उच्च विद्यालयहरूमा यी कक्षाहरू सन्चालन गरिन्छ।

## अवसर कक्षाहरू (Opportunity classes)

अवसर कक्षाहरू कक्षा 5 र 6 मा रहेका विशेष क्षमता भएका तथा प्रतिभाशाली विद्यार्थीहरूका लागि हुन्। तिनीहरू NSW भरका धेरै सार्वजनिक प्राथमिक विद्यालयहरूमा उपलब्ध छन्।

Aurora College ले उनीहरूको स्थानीय प्राथमिक विद्यालयहरूमा ग्रामीण र दुर्गम विद्यार्थीहरूको लागि अनलाइन अवसर कक्षाहरू प्रदान गर्दछ।

## यी विद्यालयहरू कहाँ अवस्थित छन्?

चयनात्मक उच्च विद्यालयहरू र अवसर कक्षाहरू महानगरीय, क्षेत्रीय र ग्रामीण NSW मा उपलब्ध छन्। तपाईंको नजिकको विद्यालयको लागि तलका नक्साहरू हेर्नुहोस्।

- अवसर कक्षा खोज्नुहोस्
- चयनात्मक माध्यमिक विद्यालय खोज्नुहोस्


CC BY

## यो मेरो बच्चाको लागि उपयुक्त छ कि छैन भनेर मैले कसरी थाहा पाउन सक्छु?

के तपाईंको बच्चाले:

- पढ्दा वा सिक्दा रमाइलो मान्छन्
- तिव्र उत्सुकता देखाउँछन्
- राम्रो स्मरणशक्ती देखाउँछन्
- जटिल प्रश्नहरू सोधछन्
- नयाँ कुराहरू सिक्दा कम मात्रामा दोहोर्याए पुग्छ
- सोच्ने रचनात्मक तरिकाहरू प्रदर्शन गर्छन्
- आफूलाई रुचि लागेको कुरामा एकदम धेरै केन्द्रित हुन्छन्?

यदि यी मध्ये केही कुरा तपाईंको बच्चासंग मिल्दा छन् भने, अवसर कक्षा वा चयनात्मक स्कूल राम्रो मेल हुन सक्छ।

## म कसरी आवेदन दिन सक्छु?

आमाबाबुले आवेदन अवधिभरमा अनलाइन आवेदन दिनुपर्छ: shsoc.education.nsw.gov.au

### 2026 मा अवसर कक्षाहरू र चयनात्मक उच्च विद्यालयहरूमा जानको लागि भर्ना

2026 मा भर्ना हुन लागि आवेदन अवधि **7 नोभेम्बर 2024** देखि **21 फेब्रुअरी 2025 सम्म छ**।

### मैले आवेदन दिंदा मेरो बच्चा कुन कक्षामा हुन्छ?

**अवसर कक्षाहरू (Opportunity classes)**

आमाबाबुहरूले 2024 मा आफ्नो बच्चा कक्षा 3 को अन्त्यमा पुग्दा वा 2025 मा कक्षा 4 को सुरुमा आवेदन दिन्छन्।

**चयनात्मक विद्यालयहरु (Selective high schools)**

आमाबाबुहरूले 2024 मा आफ्नो बच्चा कक्षा 5 को अन्त्यमा पुग्दा वा 2025 मा कक्षा 6 को सुरुमा आवेदन दिन्छन्।

आवेदन प्रक्रिया तथा अवसर कक्षाहरूको लागि आवेदन दिन आवश्यक बसाईको आवश्यक्ताहरू तथा कसले चयनात्मक विद्यालयहरूको लागि आवेदन दिन सक्छ भन्ने कुराहरुका लागि हाम्रो वेबसाइट्मा हेर्नुहोस्।

## भर्ना परीक्षा (placement test)

तपाईंले आवेदन दिएपछि तपाईंको बच्चा परीक्षामा बस्नुपर्छ। त्यसपछि विद्यार्थीहरूलाई भर्ना परीक्षामा उनीहरूको नतिजाको आधारमा चयन गरिन्छ।

## परीक्षा कहिले हुन्छ?

यो परिक्षा **शुक्रबार 2 मे** देखि आइतबार **4 मे 2025 सम्म** 3 दिनको अवधिमा हुनेछ।

विद्यार्थीहरू केवल एक दिनमात्र परीक्षामा बस्छन् र प्लेसमेन्ट परीक्षामा बस्न आफ्नै कम्प्युटर ल्याउन आवश्यक **छैन**।

## परीक्षामा के छ?

परीक्षाले विद्यार्थीहरूले आफूले पढेका कुराहरुलाई, गणित र उनीहरूको सोच्ने सीपहरू प्रयोग गरेर कति राम्ररी बुझ्छन् भनेर मूल्याङ्कन गर्दछ। चयनात्मक उच्च विद्यालयहरूका लागि आवेदकहरूको लेखन सीप पनि परीक्षण गरिन्छ।

यहाँ थप जान्नुहोस्: भर्ना परीक्षा (placement test)।

# मैले मेरो बच्चाको नतिजाको बारेमा कहिले थाहा पाउन सक्छु?

तपाईंको बच्चा परीक्षामा बसेपछि, तपाईंले सत्र 3 मा उनीहरूको परीक्षा नतिजा तथा अर्को चरणहरूको जानकारी सहित एउटा इमेल प्राप्त गर्नुहुनेछ। यदि तपाईंको बच्चाले ठाउँ पाएको छ भने, तपाईंले कसरी भर्ना गर्ने भन्ने बारे जानकारी प्राप्त गर्नुहुनेछ।

# समान भर्ना मोडेल (Equity Placement Model)

इक्विटी प्लेसमेन्ट मोडेलले सबै विद्यार्थीहरूलाई चयनात्मक उच्च विद्यालय र अवसर कक्षाहरूमा निष्पक्ष पहुँच प्राप्त गर्न मद्दत गर्दछ।

यो मोडेल अन्तर्गत, हरेक चयनात्मक उच्च विद्यालय र अवसर कक्षामा 20% विद्यार्थी स्थानहरू उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूको लागि छुट्टाइन्छ जो:

- निम्न सामाजिक - शैक्षिक लाभ क्षेत्रहरूबाट छन्
- आदिवासी र/वा टोरेस स्ट्रेट आइल्याण्डर पृष्ठभूमिका छन्
- ग्रामीण र दुर्गम स्थानहरूबाट छन्
- अपाङ्गता भएका छन्।

विद्यार्थीहरूलाई प्लेसमेन्ट परीक्षामा उनीहरूको नतिजाको आधारमा स्थान प्रदान गरिन्छ।

न्यायोचित पहुँच (Fair Access) मा थप जान्नुहोस्।

**सबै NSW सार्वजनिक विद्यालयहरूमा प्रतिभाशाली विद्यार्थीहरूलाई सहयोग**

छनोटमा परेक विद्यालयहरू र अवसर कक्षाहरू NSW शिक्षा विभागले उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूलाई सहयोग गर्ने केवल एक तरिका हो।

उच्च क्षमता र प्रतिभाशाली विद्यार्थीहरूलाई उनीहरूको पूर्ण क्षमतामा पुग्न सबै NSW सार्वजनिक विद्यालयहरूमा सहयोग गरिन्छ। विभागको उच्च क्षमता र प्रतिभाशाली शिक्षा नीतिको बारेमा थप जान्नुहोस्।

# थप जानकारी

थप विस्तृत जानकारीको लागि निम्न वेबपृष्ठहरू हेर्नुहोस्।

## आमाबाबु र हेरचाहकर्ताहरूको लागि वेबपृष्ठहरू

- **चयनात्मक उच्च विद्यालय र अवसर कक्षाहरू**: education.nsw.gov.au/shs-oc
- **चयनात्मक उच्च विद्यालयहरू**: education.nsw.gov.au/shs-yr7
- **अवसर कक्षाहरू**: education.nsw.gov.au/oc

## विद्यार्थीहरूका लागि वेबपृष्ठहरू

- **विद्यार्थीहरूको लागि चयनात्मक उच्च विद्यालयहरू र अवसर कक्षाहरूको जानकारी**: edu.nsw.link/shs-oc-students
- **अवसर कक्षाको लागि आवेदन दिनका लागि:** विद्यार्थी संसाधन हब: edu.nsw.link/OChub
- **चयनात्मक उच्च विद्यालयको लागि आवेदन दिन**: विद्यार्थी संसाधन हब: edu.nsw.link/SHShub

## सामाजिक सन्जाल

हाम्रो विभागको आधिकारिक फेसबुक समूहहरूमा सामेल हुनुहोस्:

- **चयनात्मक उच्च विद्यालयको प्लेसमेन्ट**: edu.nsw.link/shs-fb
- **अवसर कक्षाहरू**: edu.nsw.link/oc-fb

## हामीलाई सम्पर्क गर्नुहोस्

चयनात्मक शिक्षा एकाइ (Selective Education Unit) लाई निम्न ठेगानामा सम्पर्क गर्नुहोस्:

**इमेल**: ssu@det.nsw.edu.au

**फोन**: 1300 880 367

**टेलिफोन दोभाषे सेवा: 131 450**

यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने कृपया टेलिफोन दोभाषे सेवालाई फोन गर्नुहोस् र अपरेटरलाई भन्नुहोस्:

- तपाईंले बोल्ने भाषा
- तपाईंले फोन गर्न चाहेको फोन नम्बर।

अपरेटरले चयनात्मक शिक्षा एकाइको फोन नम्बर (1300 880 367) मा फोन गर्नेछ र तपाईंको कुराकानीमा सहयोग गर्न लाइनमा दोभाषेसँग जोडिदिनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।